नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

## प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

**मितिः २०७८।०३।३१**

कञ्चनपुर जिल्लामा नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण दरमा कमि आएता पनि जोखिम कायमै रहेकोले वर्तमान अवस्थाको विश्लेषण गरी कोभिड -१९ को संक्रमण, रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी बनाउन जिल्ला कोभिड व्यवस्थापन समितिको मिति २०७८।०३।३१ गते बसेको बैठकको निर्णयको आधारमा कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ को उपदफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ को अधिकार प्रयोग गरी मिति २०७८।०३।३१ गते राती १२:०० बजे देखि मिति २०७८।०४।०७ गते राती १२:०० बजे सम्म यस जिल्लाभर लागू हुने गरी देहाय बमोजिम आदेश जारी गरिएको छ।

**क. निषेध गरिएका गतिविधिः**

१. सबै प्रकारका सभा, सम्मेलन, पुस्तकालय, संग्रहालय, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङपूल, मनोरञ्जनस्थल, सैलून, ब्यूटी पार्लर, दोहरी रेष्टुरेन्ट, जिमखाना, दर्शक सहितको खेलकूद लगायत कार्यक्रम सञ्चालन गर्न नपाइने।

२. खुला स्थानमा मानिसहरु भेला/समारोह, जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस, जात्रा, महोत्सव, भोजभतेर आदि गर्न गराउन नपाईने।

३. शैक्षिक संस्थाहरुले भौतिक उपस्थितिमा पठनपाठन नगर्ने। शैक्षिक गतिविधिहरु अनलाईन तथा भर्चुअल माध्यमबाट सञ्चालन गर्न सकिने।

४. विवाह, व्रतबन्ध तथा सामुहिक रुपमा गरिने धार्मिक, सांस्कृतिक कार्यहरु बढीमा १० जनासम्म सहभागी भई जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी गर्न सकिने तर होटेल तथा पार्टी प्यालेस प्रयोग गर्न नपाईने।

**ख. सञ्चालन गर्न पाउने गतिविधिः**

५. स्वास्थ्य सेवा, पेट्रोलियम पदार्थ लगायत अत्यावश्यक पसल व्यवसाय निर्वाध रुपमा सञ्चालन हुने। यस बाहेक अन्य पसल/व्यवसाय बिहान ६:०० बजे देखि बेलुका ६:०० बजे सम्म जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्ने गरी सञ्चालन गर्न सकिने।

६. उद्योग तथा कलकारखाना र सार्वजनिक तथा निजी निर्माण कार्य जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरि सञ्चालन गर्न सकिने।

७. सार्वजनिक सेवा प्रवाह सम्बन्धमा यस अघि जारी गरिएको आदेशमा भएको व्यवस्था बमोजिम हुने।

८. गोष्ठी, तालिम, बैठक, समिक्षा, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट मात्र गर्ने। भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण परिपालना गरी संचालन गर्ने।

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

ग. सवारी साधन सञ्चालनको हकमाः

क. यस जिल्ला भित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनहरु बिहान ६:०० बजे देखि बेलुका ७:०० बजे सम्म स्वीकृत सिट क्षमता अनुसार देहायका मापदण्डको पालना गर्ने गरी सञ्चालन गर्ने।

१. कुल सिट क्षमता भन्दा बढी यात्रु नराख्ने।
२. सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने।
३. मास्क नलगाउने यात्रुलाई सवारी साधनमा प्रवेश गर्न नदिने।
४. चालकले अनिवार्य मास्क र सहचालकले अनिवार्य मास्क, भाइजर र ग्लोभ्स लगाउने।
५. सवारी साधनको ढोकामा स्यानीटाइजरको व्यवस्था हुनु पर्ने।

९. अत्यावश्यक सेवामा प्रयोग हुने सवारी साधन निर्वाधरुपमा सञ्चालन हुने। जिल्ला बाहिर जाने एम्बुलेन्स र मालबाहक साधन बाहेक अन्य सवारी साधनको हकमा जिल्ला प्रशासन कार्यालय कञ्चनपुरबाट पास लिनु पर्नेछ

१०. नेपाल प्रवेश गर्न चाहने व्यक्तिहरु नेपाल सरकारद्वारा तोकिएको गड्डाचौकी र गौरीफन्टा नाकाबाट निर्धारित मापदण्ड पूरा गरी आवागमन गर्न सकिने। अन्य खुला सीमानाको जुनसुकै विन्दुबाट आवागमन नगर्ने। नेपाल प्रवेश गर्ने कञ्चनपुर जिल्लाको नागरिकको हकमा सम्बन्धित स्थानीय तहको समन्वयमा क्वारेन्टिन/आइसोलेसनमा बस्नु पर्ने तथा कञ्चनपुर जिल्ला बाहिरका नागरिकको हकमा नाकामा रहेको हेल्थ डेक्समा स्वास्थ्य परीक्षण पश्चात होल्डिङ सेन्टरबाट सम्बन्धित स्थानीय तहको समन्वयमा गन्तव्य तर्फ पठाईने।

११. उल्लेखित आदेशको अवज्ञा गर्नेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही हुनेछ। संक्रमण बढ्न गएमा यस आदेशमा भएका व्यवस्थाहरु कुनै पनि बेला पुनरावलोकन गर्न सकिनेछ।

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी